# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं

मिति : २०७८/०४/०८

पत्र संख्याः ....................

च.नं.: ....................

## एलएल.बी. प्रथम वर्ष २०७६/२०७७ समूहमा भर्नाको लागि प्रवेश परीक्षा फाराम भर्ने सम्बन्धी सूचना

यस क्याम्पसमा एलएल.बी. तह २०७६/०७७ समूहमा भर्नाको लागि प्रवेश परीक्षा फाराम भर्ने सूचना मिति २०७८/०१/०८ गते प्रकाशित गरिएकोमा विश्वमा फैलिएको दोश्रो लहरको कोभिड महामारीको कारणबाट निषेधाज्ञा जारी भएको हुँदा मिति २०७८/०१/१४ यस क्याम्पसबाट प्रवेश परीक्षा फाराम वितरण कार्य स्थगित गरिएकोमा त्रि.वि. कानून संकाय, डीनको कार्यालयको मिति २०७८/०४/७ गते प्रेषित पत्रानुसार एलएल.बी. प्रथम वर्षको भर्नाको लागि यस नेपाल ल क्याम्पसको लागि समावेशी कोटा सहित विद्यार्थी सिट संख्या ६०० स्थानमा ३ वर्षे एलएल.बी. तह (शैक्षिक सत्र २०७६/०७७) को प्रवेश परीक्षाको लागि आवेदन फाराम भर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| १. | आवेदन फाराम वितरण र दर्ता | २०७८ साल श्रावण ०८ गते शुक्रबारदेखि २०७८ साल भाद्र ०८ गते मंगलबार दिउसो ३:०० बजेसम्म । |
| २. | फाराम उपलब्ध हुने स्थान | नेपाल ल क्याम्पसको आर्थिक प्रशासन शाखाबाट बैंक भौचर बुझाए पश्चात् प्राप्त गर्न सकिनेछ । |
| ३. | फाराम बुझाउने स्थान र समय | परीक्षा शाखामा विहान १०:३० बजेदेखि ३:०० बजेसम्म । |
| ४. | प्रवेश परीक्षा फारम तथा प्रवेश परीक्षा दस्तुर | रु.१२००।- (अक्षरुपी एक हजार दुई सय) मात्र । |
| ५. | परीक्षा दस्तुर बुझाउने स्थान | यस क्याम्पसको नाममा नेपाल बैक लिमिटेडमा रहेको खाता नं. २१७००१००१९२४७२००००१ |
| ६. | प्रवेश परीक्षा | २०७८ साल भाद्र १९ गते शनिबार दिउँसो ११:०० देखि २:०० बजेसम्म । |
| ७. | प्रवेश परीक्षा केन्द्र | पछि प्रकाशित गरिनेछ । |
| ८. | प्रवेश परीक्षामा आवेदन गर्न आवश्यक शैक्षिक योग्यता | **त्रि.वि.बाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तीर्ण भएकाहरुले मात्र आवेदन गर्न पाउनेछन्,** तर कानूनमा स्नातक (बी.एल., एलएल.बी. र बी.ए.एलएल.बी. वा सो सरह) उत्तीर्ण गरिसकेका विद्यार्थीहरुले आवेदन गर्न पाउने छैनन् । साथै शैक्षिक सत्र २०७७ असाढ मसान्त सम्म त्रि.वि.बाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तहको अन्तिम परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरूले मात्र आवेदन फाराम भर्न सक्नेछन । |
| **अन्य थप जानकारीको लागि त्रि.वि. कानून संकायको वेभसाइट www.fol.edu.np वा यस क्याम्पसको वेभसाइट www.nlc.edu.np मा हेर्न सक्नुहुनेछ ।** | | |

केशरमणी अर्याल
निमित्त क्याम्पस प्रमुख
नि. क्याम्पस प्रमुख